रुपनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रुपनी, सप्तरी
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृति गर्ने आशयको सूचना

प्रकाशित मिति : २०८३।०१।३० गते

यस गाउँपालिकाद्वारा मिति २०८२।१२।२४ गते प्रकाशित सूचनाबमोजिम तपशिल अनुसारको बोलपत्र आह्वान गरिएकोमा तोकिएको समय भित्र रितपूर्वक दर्ता हुन आएको बोलपत्रहरूको मूल्याङ्कन समितिले प्रचलित कानुनबमोजिम मूल्याङ्कन गर्नी तपशिल अनुसारको बोलपत्रदाता न्यूनतम मूल्याङ्कित एवं सारभूत रूपमा प्रभावग्राही भएकाले स्वीकृतिका लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ (२) प्रयोजनका लागि सम्बन्धित सबैको जानकारीका लागि आशयको सूचना प्रकाशित गरिएको छ।

तपशिल:

सि. नं.	ठेक्का नं.	कामको विवरण	छनोट भएको फर्म विवरण	कबोल गरेको रकम (मु.अ.कर सहित)
१.	01/NCB/WORK/ RPNIMUN/2082/83	2 Storey Building Construction Of Four Classrooms School Building	Nava Nirman Builder's Pvt.Ltd, Suryabinak -4,Bhatpur	३९,४९,५१२।६१

प्रमुख प्रशासकीय

काठमाडौँ महानगरपालिका
नगर कार्यपालिकाको कार्यालय
खरिद एकाइ
काठमाडौँ प्लाजा, कमलादी, काठमाडौँ

सूचना सच्याइएको सम्बन्धमा

प्रकाशित मिति: २०८३/०१/३०
नेपाल संवत ११४६, बछलागा, एकादसि

काठमाडौँ महानगरपालिका खरिद एकाइले Supply Delivery and Installation of CCTV at KMC–32 Narefat कार्यका लागि मिति २०८३।०१।२९ गते गोरखापत्रमा आह्वान गरेको बोलपत्र सूचनामा IFB No.३०-४८-०८२-८३-SQG-KMC) हुनुपर्नेमा अन्यथा भएकाले सच्याइएको व्यहोरा जानकारी गराइछ।

खरिद एकाइ

भूमि प्रशासन कार्यालय गरुडा, रौतहटबाट जारी भएको भिडेको मोठ कट्टा सम्बन्धी ३५ दिने सार्वजनिक सूचना।

उपरोक्त सम्बन्धमा जिल्ला गौरहट, साविक गा.वि.स. जेठरहिया वडा नं. १ हाल यमुनामाई गाउँपालिका वडा नं. १ मा बस्ने सुर्यकान्त मिश्रको छोरा बुद्धारी, राम विनोद मिश्रकी श्रीमती विभा मिश्रले मेरो नाउँमा दर्ता कायम रहेको जि.री. गा.वि.स. मिठुअवा वडा नं. ८ कि.नं. ६३४ ज.वि. ०-४-४ जग्गामा मिति २०८२।१२।३० मा भिडेको राजीनामा मोठ कट्टा गरिपाउँ भनी यस कार्यालयमा दिएको द.नं. १३९९ मिति २०८३।०१।१६ को निवेदन सन्दर्भमा मोठ मिडान गर्दा कि.नं. ६३४ जग्गाको मोठ कायम रही गेकवा नदेखिएको साथै मिति २०८२।१२।३० मा राजीनामा मोठ भिडेको भनी व्यहोरा खेस्तावाट देखिन्छ भनी मोठफाँटबाट लेखिआएको सन्दर्भमा उल्लिखित कि.नं. ६३४ को जग्गामा कसैको हकदावी छ वा छैन ? कसैको हक जाल्क कि ? कुनै कसैलाई असर पर्छ कि ? सर्वसाधारणको जानकारीका लागि यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। तसर्थ यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ (पैंतीस) दिनभित्र आफ्नो हकदावीको प्रमाण साथ वा कानून बमोजिम वारेस लिई यस कार्यालयमा उपस्थित हुन आउनुहोला भनी यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम जग्गामा भिडेको राजीनामा मोठ कट्टा भएमा पछि कुनै किसिमको उजुरवाजुर लाग्ने छैन, भनी यसै सूचनाद्वारा सबैमा जानकारी गराइछ।

आशा बचत तथा ऋण सहकारी संस्था लिमिटेड
हनुमानढोका; मधन २४ काठमाडौँ फोन नं. : ५-३३२७७२, ५-३४९३९६

तपसिलमा उल्लिखित सदस्य ऋणीलाई कर्जा चुक्ता गर्न आउने ३५ दिने सूचना ।

यस आशा बचत तथा ऋण सहकारी संस्था लिमिटेड हनुमानढोका मस्तनबार विभिन्न मितिमा विभिन्न कर्जा शीर्षक अन्तर्गत ऋणी तपाईं विन्देश्वर श्रेष्ठ भई यस संस्थामा सुरक्षण थापत सम्पत्ति धितो जमानत राखी तपसिलका ऋणीले तोकिएको मिति २०७९।०५।२२ मा अन्य विविध कर्जा शीर्षक अन्तर्गत लिनुभएको ऋण कर्जाको साँवा ब्याज लगायतका रकम नतिरी सर्त बमोजिम यस संस्थामा समय समयमा बुझाउनुपर्नेमा नबुझाई बाकी नघाई ऋण सम्बन्धी सर्त बन्देज उल्लङ्घन गर्नुभएको र सो सम्बन्धमा पटक पटक मौखिक तथा टेलिफोन मार्फत सम्पर्क गर्न खोज्दा पनि सम्पर्क नभएको हुँदा मिति २०८२।११।११ पहिलो पटक र मिति २०८२।१२।२३ मा दोस्रो पटक लिखित ताकेता पत्र गरी का.जि., मा.म.न.पा वडा नं. २२, को वडा कार्यालयलाई बुझाइएको साथै उक्त पत्र बुझाउँदा पनि संस्थाको साँवा ब्याज हर्जना रकम चुक्ता गर्नेतर्फ कुनै चासो नदेखाई बेवास्ता गर्नुभएको हुनाले यो सूचना प्रकाशित भएको ३५ (पैंतीस) दिनभित्र यस संस्थामा सम्पर्क राखी संस्थालाई बुझाउनुपर्ने बाँकी साँवा ब्याज हर्जना समेत बुझाउन हुन यो सूचना मार्फत पुनः सूचित गरिन्छ । अन्यथा निजले आफ्नो हकहिस्सा मात्र यस संस्थामा धितो स्वरूप लेखी लेखाईदिएको तपसिल बमोजिमको अचल सम्पत्ति सहकारी ऐन २०७४ को दफा ७९, सहकारी नियमावली २०७५ बमोजिम लिलाम बिक्री गरी संस्थाको आफ्नो लेना रकम असुल उपर गर्ने व्यहोरा कुही, जमानीकर्ता तथा धितो लेखिदिने व्यक्ति सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

ऋणीको तीनपुस्ते नाम ठेगाना तथा सुरक्षणको विवरण

ऋणीको नाम , थर र बतन		धितोको विवरण
ऋणी : विन्देश्वर श्रेष्ठ **बुवा** : पुरुषोत्तम प्रशाद श्रेष्ठ **बाजेको नाम** : भैरब बहादुर श्रेष्ठ **ठेगाना** : का.जि. का.म.न.पा. वडा नं. २२ स्विचापोखरी, न्युरोड		**आबासको नाम** : महर्जन बिजनेश एशोसियट्स प्रा.लि. **आबासको तल्ला** : १ **पसल कबल नं.** : ३२ **क्षेत्रफल** : २३८ वर्गमिटरको पसल

जमानीकर्ताको नाम र ठेगाना

ऋणीकी श्रीमती **नाम** : हसना शाक्य **बुवा** : त्रिरत्न शाक्य **ठेगाना** : वडा नं. २२, स्विचापोखरी न्युरोड	

भूमि प्रशासन कार्यालय टोखा काठमाडौँबाट जारी हकदावी सम्बन्धी ३५ दिने सूचना ।

ललितपुर जिल्ला, ललितपुर म.न.पा. १०, बस्ने बसुन्धरा रत्न मानन्धरले साविक फिल्डबुक दर्तावाला बाजे जित गोविन्द मानन्धरको नाममा साविक सर्भे नापीका समयमा नापनक्सा भई फिल्डबुक तथा स्रेस्ता कायम भई दर्ता बाँकी रहेकोमा साविक फिल्डबुक दर्तावाला ढुलोबाजे जित गोविन्द मानन्धरको मिति २०२३ सालमा, निजकी पत्नी लक्ष्मी माया मानन्धरको मिति २०२१ सालमा निःसन्तान अवस्थामा आ- आफ्नै कालगतिले मृत्यु भएको, बाजे हरिदास मानन्धरको मिति २०१४ सालमा, बजे नुच्छे मायो मानन्धरको मिति २०२७ सालमा, जेठो छोरा कृष्ण दास मानन्धरको मिति २०२६ सालमा, निजकी पत्नी गणेश माया मानन्धरको मिति २०२४ सालमा निःसन्तान अवस्थामा, आबु त्रिरत्नदास मानन्धरको मिति २०३२।१२।३१ मा, आमा नानी माया मानन्धरको मिति २०३४।०४।१२ मा आ- आफ्नै कालगतिले मृत्यु भएकोले अंबको हकदार म निवेदक बसुन्धरा रत्न मानन्धर, दान रत्न मानन्धर, धर्म रत्न मानन्धर र संघ रत्न मानन्धर समेत जना-४ मात्र भएको भनी मौजा बालाजु हा.न. १९७२ को लगत भिडाई ल.पु. म.न.पा. वडा न. १०, को किटानी सिफारिस समेत संलग्न गरी द.न. ३१९८ मिति २०८२।१०।०८ मा तपसिलको जग्गा छुट जग्गा दर्ता/ना.सा. गरी जे.ध. पुर्जा पाऊँ भनी माग निवेदन पेश भएकाले निवेदकको माग निवेदन बमोजिम दर्ता/ना.सा. हुनु नपर्ने कारण भए वा निवेदक बाहेक अरू कोही हकदार भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र स-प्रमाण दाबी गर्न आउनुहोला अन्यथा कानुन बमोजिम भइजानेछ । **तपसिल :-**

क्र.सं.	गा.वि.स. / न.पा.	वडा नं.	कि.नं.	क्षेत्रफल	मोहीको नाम	किसानको व्यहोरा
१.	साइला	६/क	२३८	१-३-१-०	विरुमति भत्त जैसी का.ई. साइला चुनीगाउँ । ल्या.	ल.पु. कानी देवता थान अगाडि बस्ने जित गोविन्द साल्मीलाई तिरी आएको । ल्या.

पुनश्च : मु.प्र.का. डिल्लीबजार/ललितपुरबाट ७ न. फाँटवारी फैला नपरेको र २ नं. अनुसूची प्राप्त भएको ।
* ज.ह. मि.न. १२४ मिति ०५२/५३ बुहस्पती भट्ट, मिति ०६७/१/१२ मा भरत भट्टको मिसिल भिडेको ।

श्री सेना स्वास्थ्य विज्ञान महाविद्यालय भण्डारखाल काठमाडौँको शैक्षिक सत्र २०८३/८४ मा प्रमाणपत्र/ डिप्लोमा तहको विद्यार्थी भर्ना सम्बन्धी जरुरी सूचना।

प्रकाशित मिति २०८३।०१।३० गते।

श्री प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) बाट सम्बन्धन प्राप्त यस महाविद्यालयमा प्रमाणपत्र/डिप्लोमा तहको सामान्य चिकित्सा, डिप्लोमा इन फार्मेसी मेडिकल ल्याब टेक्नोलोजी, डाइग्नोष्टिक रेडियोग्राफी, फिजिओथेरापी र नर्सिङ्ग कार्यक्रमहरुमा शैक्षिक शत्र २०८३/८४ को लागि मिति २०८३/०१/२८ गते CTEVT को Website तथा गोरखापत्रमा प्रकाशित सूचना अनुसार नयाँ भर्नाको लागि आवेदन फाराम खुल्ला गरिएको हुंदा सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

आवेदन फाराम सम्बन्धी विस्तृत विवरण

(१) मिति: २०८३/०१/ ३० गतेदेखि २०८३/०२/ १३ गतेको १५:५ बजेसम्म ।
(२) माध्यम : Online माध्यमबाट (www.ctevtexam.org.np)
(३) विस्तृत जानकारीको लागि सम्पर्क नं. : ०१-४८८१६३५,९७८६२९२६६ www.nachs.edu.np

सूचना शिलबन्दी प्रस्ताव पेश गर्ने बारे

सूचना प्रकाशन मिति २०८३।०१।३०

यस प्राधिकरणसंग भएको बैंक मौज्दात लगानी नीति अनुसार विभिन्न वाणिज्य बैंक तथा वित्तिय संस्थाहरुमा लगानी गर्नुपर्ने भएकोले इच्छुक बैंकहरूले आफूले दिन सक्ने अधिकतम प्रतिफल उल्लेख गरी तपसिलको विवरणहरू खुल्ने गरी ७ (सात) दिनभित्र सिलबन्दी दरभाउपत्र पेश गर्न आह्वान गरिन्छ। साथै पेश हुन आएका सिलबन्दी दरभाउपत्रको मान्य अवधि कम्तीमा १५ दिनको हुनुपर्नेछ।

तपसिल

- मुद्दती निक्षेपमा उपलब्ध गराउन सक्ने अधिकतम ब्याज दर,
- अन्तिम पटक प्रकाशित वैमासिक वित्तीय विवरण,
- विगत तीन वर्षको नाफा नोक्सानको अवस्था,
- बैंकको निष्क्रय सम्पत्ति (NPA),
- बैंकको कर्जा निक्षेप अनुपात (C.D. Ratio),
- बैंक स्थापना भएको वर्ष (वि.सं) र
- पुँजी पर्याप्तता कोष (Capital Adequacy Ratio)

नेपाल बीमा प्राधिकरण
कुपण्डोल, ललितपुर
फोन नं.: ०१-५४२९०७९, ५४२८६०४

गान्धेबजार, सोलुखुम्बु Tel, 977-38-540457;
Email: info@spcc.org.np; Website: www.spcc.org.np

जग्गा खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना ।

(प्रथम पटक प्रकाशित मिति : २०८३।०१।३० गते

सगरमाथा प्रदूषण नियन्त्रण समितिको कार्यालय प्रयोजनको लागि खुम्बु पासाङ्ल्हामु गाउँपालिकाको वडा नं. ५, नाम्चे बजारमा घाम लाग्ने र चल्तीको ओटोले छोएको १.५ देखि २ रोपनी सम्मको जग्गा आवश्यक पर्दा हुँदा इच्छुक जग्गाधनीहरूबाट यो सूचना प्रकाशित भएको मितिले ३४ (पैंतीस) दिनभित्र आफूले बिक्री गर्न चाहेको मूल्य उल्लेख गरिएको निवेदन सहित समितिको कार्यालय नाम्चेबजार, सोलुखुम्बु वा सम्पर्क कार्यालय कपन, काठमाडौँमा आइपुग्ने गरी सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

प्रादेशिक रोग नियन्त्रण केन्द्र, पोखरा

सूचना

यस कार्यालयमा रहेको PHILIPS कम्पनीको DR X-Ray मेसिन (Dura Diagnost F30) मर्मत तथा प्राविधिक रेखदेखका लागि नेपालस्थित आधिकारिक सेवा प्रदायक कम्पनी/सेवा प्रदायक संस्थाले यो सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्पर्क गर्नुहुन अनुरोध छ ।
कार्यालयको नाम: प्रादेशिक रोग नियन्त्रण केन्द्र, पोखरा,
सम्पर्क नम्बर: ९८५६०२०३१
Mail id: pcdcgandaki@gmail.com

नेपाल सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
फोन नं ०५६-५९७००३

भरतपुर अस्पताल
भरतपुर, चितवन

गत विगत देखि आ.ब.२०८०/८१ सम्मको प्रयोजन समाप्त भएको धरौटी रकम सदरस्याहा गर्ने सम्बन्धि भरतपुर अस्पताल चितवनको सूचना ।

भरतपुर अस्पतालमा विगतका वर्षहरु देखि आ.व.२०८०८१ सम्मको प्रयोजन समाप्त भएको धरौटी सदरस्याहा गर्ने सम्बन्धि २०८३/०१/२९ को सूचना जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समितिको कार्यालय र कोष तथा लेखा नियन्त्रक कार्यालय चितवनको सूचना पाटी वा यस कार्यालयको वेभसाइट www.bharatpurhospital.gov.np मा प्रकाशित सूचना अनुसार सम्बन्धित विकेता/ फर्म / संघ / संस्था, निर्पाण व्यवसायिहरूले सोहि सूचनामा उल्लेख भए बमोजिम आ.व.२०८०/८१ सम्मको प्रयोजन समाप्त भएको धरौटी रकमका साम्बन्धमा आफ्नो दाबि भए प्रमाण सलग्न गरि रितपूर्वक निवेदन पेश गर्नुहोला। निर्धारित समय भित्र निवेदन नपरी धरौटी सदरस्याहा गरि राजश्व खातामा दाखिला भएपछा कार्यालय जवाफदेहि नहुने व्यहोरा सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ।

प्रमुख मेडिकल सुपरिन्टेण्डेन्ट

मालपोत कार्यालय बुटवलबाट जारी भएको नामसारी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना ।

जिल्ला रुपन्देही, तिलोत्तमा नगरपालिका वडा नं. ८, को कार्यालयको च.न. २०१४ मिति २०८३।१।१५ को सिफारिस पत्र अनुसार "जिल्ला रुपन्देही तिलोत्तमा-८ बस्ने बुद्धिराम कवर जोगीको छोरा, छाग्रुरुमा कवर जोगीको मिति २०७२।०९।१९ मा मृत्यु भएको, निजकी एक मात्र पत्नी कोइली देवी कवर जोगीको मिति २०५।०७।१८ मा मृत्यु भएको । निज मृतक दम्पती निःसन्तान रहेकोले मृतकको भतिज दिलिप कुमार कवर जोगीले पालनपोषण गर्दै आएको, मृत्यु हुनुपूर्व भतिज दिलिप कुमार कवर जोगीले साइलो बुझा छाग्रुरुमा कवर जोगीलाई आफ्नो हैसियत अनुसार स्थानहरुसार, तीर्थव्रत, औषधी उपचार गराएकी र मृत्यु पश्चात् आफ्नो रीतिरिवाज अनुसार काजक्रिया समेत गरेकोले छाग्रुरुमा कवर जोगीको नाममा दर्ता कायम रहेको सार्वकि करहिया वडा नं. ८ ख किता नं. ९४५५ क्षेत्रफल ०-१-५ को जग्गा दिलिप कुमार कवर जोगीको नाममा एकलौटी रूपमा नामसारी गरिदिनुहुन" भन्ने व्यहोराको सिफारिस तथा सोही सिफारिस तथा अन्य कागजात समेतको आधारमा नामसारीका लागि यस कार्यालयमा पेश भएको माग निवेदन सम्बन्धमा मृतक छाग्रुरुमा कवर जोगीका अन्य हकवाला छन् /छैनन् ? निजका के कति श्रीमती/छोराछोरी हुन् ? छाग्रुरुमा कवर जोगीकी जीवित छँदासम्म पालनपोषण, औषधी उपचार तथा मृत्यु पश्चात् काजक्रियामा कसले गरेको हो ? निवेदकको माग बमोजिम उल्लिखित जग्गा नामसारी गर्न मिल्छ/मिल्दैन ? त्यसरी नामसारी गर्दा कसैको हक/हकदैयामा असर पर्छ/पर्दैन ? भन्ने सम्बन्धमा यो सूचना प्रकाशित गरिएको छ । त्यसरी नामसारी गर्दा कसैको हकदैयामा असर पर्ने भएमा सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र प्रमाण सहित यस कार्यालयमा दाबी विरोध गर्न आउनुहोला । म्यादभित्र दाबी विरोध नपरेमा कानुन बमोजिम भइजाने व्यहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

इति संवत् २०८३ वैशाख २२ गते रोज ०३ शुभम् ।

राष्ट्रिय वाणिज्य बैंक लि.
शाखा कार्यालय, महाराजगञ्ज (९१५)

निक्षेप उपर हकदावी सम्बन्धी ३५ दिने सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०१।३०

काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. २६, सामाखुसी बस्ने श्री देव चन्द्र महर्जनको मिति २०८२।१२।२७ मा मृत्यु भएकोले यस बैंकमा रहेको खाताको रकम मुन्तारी पाऊँ भनी निज खाताधालाकी पत्नी नाता पर्ने काठमाडौँ जिल्ला, काठमाडौँ महानगरपालिका वडा नं. २६, सामाखुसी बस्ने श्री सूर्य महर्जनले यस बैंकमा मिति २०८३।०१।२८ मा निवेदन दिएको हुँदा निज खाताधालाको नाममा यस बैंकमा रहेको रकममा कसैको हकदावी लाग्ने भए बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिमको अग्राधिकारवाला हकदारहरुले यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३४ (पैंतीस) दिनभित्र आ- आफ्नो सबुद प्रमाण सहित यस बैंकको शाखा कार्यालय महाराजगञ्जमा हकदाबी गर्न आउनुहोला। सो म्यादभित्र हकदाबी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा १११ बमोजिम भइजाने हुँदा यो सूचना प्रकाशित गरिएको छ। उल्लिखित म्यादभित्र दाबी पर्न नआएमा पछि कुनै उजुर नलागने समेत यसै सूचनाबाट सम्बन्धित सबैको जानकारीका लागि सूचित गरिएको छ।

सुदूरपश्चिम प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
यातायात पूर्वाधार निर्देशनालय
पूर्वाधार विकास कार्यालय, बैतडी

पुनः बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

(प्रकाशित मितिः- २०८३/०१/३०)

उपरोक्त सम्बन्धमा यस कार्यालयबाट मिति २०८३/०१/०१ गते Construction and Upgrading of Sapaya Nanara Dilasaini Purchaudi Sadak, Baitadi, (Contract ID: IDOBTD/NCB/W/R/082-083/38) यो जनाको बोलपत्र स्वीकृति सम्बन्धमा आशयको सूचना प्रकाशित गरिएकोमा सो जानकारी अवधिमा सार्वजनिक खरिद नियमावली २०६४ को नियम ६५ उप-नियम (४)(ब) बमोजिम कारवाही भई मिति २०८३/०१/२९ गतेको मूल्यांकन समितिको निर्णय अनुसार तपसिल बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही ठहर भई स्विकृतिको लागि छनोट भएको हुंदा सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र ४७(३), (४) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

योजनाको विवरण / ठेक्का नं.	बोलपत्रदाताको विवरण	कबोल अंक रकम रु (मु.अ.कर र पि.एस.सहित)
Construction and Upgrading of Sapaya Nanara Dilasaini Purchaudi Sadak, Baitadi (IDOBTD/ NCB/W/R/082-083/38)	M/s Mahadev-B.p Pancheswor-05,Baitadi	NRS. 3,38,59,312.98

कार्यालय प्रमुख

मधेश प्रदेश सरकार
भौतिक पूर्वाधार विकास मन्त्रालय
पूर्वाधार विकास निर्देशनालय

पूर्वाधार विकास कार्यालय
मलंगवा, सलाही

आशयपत्र सम्बन्धि सूचना

प्रकाशित मिति २०८३/०१/३०

यस कार्यालयद्वारा तपसिलको निर्माण कार्यका लागि मिति २०८२/१२/११ गतेको बोलपत्र सूचना बमोजिम रितपूर्वक E–Bid मार्फत प्राप्त भएका सम्पूर्ण बोलपत्रहरू मध्ये न्यूनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भएको तपसिल निर्माण कार्यको बोलपत्र स्वीकृत आशय प्रयोजनको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३को दफा २७को उपदफा (२) र (३) बमोजिम तथा सोहि ऐनको दफा ४७ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सि. न.	ठेक्का न.	योजनाको नाम	न्यूनतम पूल्याकित सारभूत बोलपत्र दाताको नाम	कबोल रकम रु. (मू.अ.कर र P.S. समेत)	कैफियत
1.	IDOSARLAHI/ NCB/ Works/2082/083-18(Re)	Sarlahi Lalbandi Swa.Bi.Yu. Kaksha tatha sabhahal staurunnati	Rabi and Rishab Construction and General Suppliers, Kabilasi-9, Sarlahi	2024847.83	

कार्यालय प्रमुख

हेलम्बु गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
हेलम्बु, सिन्धुपाल्चोक
बागमति प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशय सम्बन्धी

(सूचना प्रकाशित मिति २०८३।०१।३०)

हेलम्बु गाउँपालिकाले तपसिलको कार्यको लागि प्रकाशित सूचना बमोजिम तोकिएको समयभित्र रीतपूर्वक दर्ता भएका बोलपत्रदाताहरु मध्ये तपसिलमा उल्लिखित बोलपत्रदाता न्यूनतम मूल्याङ्कित सारभूत रुपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(१) र २७(२) को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता एवं सबै सरोकारवालाहरूका लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिल:

क्र. सं.	ठेक्का नं.	कामको विवरण	बोलपत्र स्वीकृत हुने फर्मको नाम	कबोल अङ्क (रु)
1.	06-09-082-83-NCBW-HRM	Construction of Sarbodaya Mavi Hostel, Ward-05	Santi and Aswin Construction	48,78,686.43/- (मु.अ. कर र PS बाहेक)

प्रमुख प्रशासकीय अधिकृत

मधेश प्रदेश सरकार
ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय,
मधेश प्रदेश, जनकपुरधाम, धनुषा

स्तरवृद्धिको लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना

सूचना प्रकाशन मिति– २०८३।०१।३०

प्रदेश निजामती सेवा ऐन, २०७७ को दफा ४० बमोजिम मिति २०८३ साउन १ गते देखि लागु हुने गरी स्तरवृद्धिको लागि यस ऊर्जा, सिँचाइ तथा खानेपानी मन्त्रालय र मातहतका डिभिजन कार्यालयमा कार्यरत प्रदेश निजामती सेवाका कर्मचारीहरुले स्तरवृद्धिको लागि निवेदनसाथ देहायका सम्पूर्ण कागजातहरु सहित यो सूचना प्रकाशित भएको मितिले १ (एक) महिनाभित्र नेपाल इन्जिनियरिङ्ग सेवा, जियोलोजी समूह, हा. जी. उपसमूह तथा इन्जिनियरिङ्ग सेवा, मिभिल समूह, इरिगेशन उपसमूह, इन्जिनियरिङ्ग सेवा, मिभिल समूह, स्यानिटरी उपसमूह र ऊर्जा प्रविधि समूहका छैटौं र आठौं तहमा स्तरवृद्धि हुने योग्यता पुगेको उम्मेदवारहरूले यस मन्त्रालयको website:– https://mowsed.madhesh.gov.np/ मा उपलब्ध फाराम भरी यस मन्त्रालयमा पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि स्तरवृद्धि समितिको मिति २०८३।०१।२९ गतेको निर्णयानुसार यो सूचना प्रकाशन गरिएको छ।

देहाय:

- स्तरवृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा तीन वर्ष सेवा अवधी पुगेको प्रमाण खुल्ने कागजात (नियुक्ती पत्र, समायोजन पत्र तथा पदस्थापन पत्रको प्रमाणित प्रतिलिपी)
- कम्तिमा तीस कार्यदिनको सेवासँग सम्बन्धित विषयमा सेवाकालिन तालिम प्राप्त प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
- पछिल्लो तीन आ. व. मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना।

Civil Aviation Authority of Nepal
Electromechanical Department
Sinamangal, Kathmandu
Publication Date: 2083/01/30 (13th May 2026)

Notice of Intent to Award the Contract

This is to notify that, it is our intention to award the contract for execution of the following contracts as corrected and modified in accordance with the Instructions to Bidders is hereby selected as substantially responsive lowest evaluated bids.

S. N	Contract	Substantially Responsive Lowest Evaluated Bidder	Bid Price
1.	SUPPLY AND DELIVERY OF SPARE PARTS FOR AERONAUTICAL GROUND LIGHTING (AGL) SYSTEM FOR DIFFERENT DOMESTIC AIRPORTS (RE-INVITATION), ICB-01-EMD-EE-082/83-RE	M/S Mahavir Shree International Pvt. Ltd., Sinamangal, Kathmandu	NPR 99,76,340.31 + VAT
2.	SUPPLY DELIVERY INSTALLATION UPGRADATION AND MAINTENANCE OF TAXIING GUIDANCE SIGN & IWDI AT DIFFERENT DOMESTIC AIRPORT (RE-INVITATION), ICB-02-EMD-EE-082/83-RE	M/S Mahavir Shree International Pvt. Ltd., Sinamangal, Kathmandu	NPR 119,60,962.63 + VAT